जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १३८ पृष्ठ: ४ | २०८३ असोज ०५ सोमबार (Monday 21 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

बाढी प्रभावितका लागि नेपाली मुस्लिम समाज कतारद्वारा ४१ लाख बढी सहयोग



मणिलाल विश्वकर्मा

लहान, ४ असोज। रसुवाको भोटेकोशीमा गत भदौ १० गते आएको विनाशकारी बाढीले प्रभावितहरूको खोज, उद्धार, राहत र पुनर्स्थापनाका लागि खाडी मुलुक कतारमा विभिन्न पेसा व्यवसाय र रोजगारी गरिरहेका नेपाली मुस्लिमहरूले ४१ लाख सात हजार ७२१ रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएका छन्।

बाढी प्रभावित नागरिकहरूको सहयोगका लागि कतारस्थित नेपाली मुस्लिमहरू आबद्ध रहेको सामुदायिक संस्था अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाजको पहलमा सञ्चालित 'नेपाल बाढीपीडित राहत अभियान'अन्तर्गत संकलन गरिएको उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको अध्यक्ष अजमत अलीले विज्ञप्तिमार्फत जनाएका छन्। बाढीले पुऱ्याएको क्षतिको पुनरुत्थान र प्रभावित परिवारहरूको पुनर्स्थापनाका लागि सहयोग रकम संकलन जारी रहने समाजले जनाएको छ।

समाजका अध्यक्ष अलीका अनुसार कतारमा क्रियाशील नेपाली मुस्लिम शान्ति समाज, फख मिल्लत फाउन्डेसन, नेपाल इस्लामिक ग्रुप, नेपाली मुस्लिम फाउन्डेसन धनुषा, रमौल मुस्लिम सेवा समाज, महोत्तरी मुस्लिम कमिटी संघ, नेपाली मुस्लिम परिषद्, मन्सुरी एकता मञ्च, नेपाल मुस्लिम एकता समाज, महदिय्या मुस्लिम युवा संघ कतार, इस्लामिक सेवा समाज रौतहट र फिक्रे नेपाललगायत सम्पूर्ण नेपाली मुस्लिम संघ-संस्थाहरूको सहकार्यमा राहतका लागि स्वैच्छिक सहयोग संकलन गरिएको हो।

'चेन कमान परियोजना' सञ्चालन हुँदै

बाढी प्रभावितहरूका लागि

-बाँकी तीन पेजमा

छात्रावासबाट भागेको भन्दै विद्यार्थीमाथि निर्घात कुटपिट



लहान, ४ असोज। सिरहाको लहानस्थित एक निजी विद्यालयमा अध्ययनरत विद्यार्थीमाथि मरणाशन्न हुनेगरी कुटपीट गरेको घटना सार्वजनिक छ। विद्यालयको छात्रावासबाट भागेको भन्दै लहान ४ स्थित इन्द्रेणी स्कूल प्रालिका शिक्षकले त्यहाँ अध्ययनरत ११ वर्षिय सोनु मण्डललालाई कुटपीट गरेको हो। सप्तरीको बलानविहुल ४ का विद्यार्थी मण्डल विद्यालयको क्षत्राबास पढ्दै आएका थिए। उनी छात्रावासबाट पटक पटक भागेर दु:खदिएकाले उनलाई कुटपीट गरेको विद्यालयलेसमेत स्वीकार गरेको छ।

विद्यालयका संस्थापक देवेन्द्र साहले पटक पटक भाग्ने गरेको र पछिल्लो पटक पटक भाग्दा प्रहरीले समात्दा हामिलाई मसेत चिन्दिन भनेर दुख दिएको सुनाए। पछि भारतका कामगर्ने उनका बुवासँग

-बाँकी तीन पेजमा

२२ महिनापछि मुख्य अभियुक्त समातिँदा जाग्यो न्यायको आशा

'टुटिसकेको आशा फेरि जागेको छ। मुख्य अभियुक्त पक्राउ परेको खबरले हामीलाई ठूलो राहत मिलेको छ। ढिलै भएपनि अब त न्याय पाइन्छ कि !'

सुरेश राय

सिरहा, ४ असोज। 'न्याय पाउने आशा सबै टुटिसकेको थियो। महिनौं बित्दा भाइको हत्यामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्नसक्छ भन्ने पनि विश्वास हराइसकेको थियो,' तस्करी रोक्न खोज्दा तस्कर समूहबाट मारिएका सशस्त्र प्रहरी नायब निरीक्षक(सई) लक्ष्मणप्रसाद यादवका दाई पाण्डव यादवको भनाइ हो यो।



तर, २२ महिनापछि शुक्रबार प्रहरीले मुख्य अभियुक्त पक्राउ परेपछि भने पाण्डवमा न्यायको आशा पलाएको छ। 'टुटिसकेको आशा फेरि जागेको छ। ढिलै

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं।
- विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सीमा सुरक्षामा चुनौती

नेपाल–भारत सीमा क्षेत्रमा प्रहरीमाथि हुने आक्रमण, तस्करी र अपराधका घटना केवल एउटा व्यक्तिमाथिको आपराधिक हमला होइनन्, यी राज्यको सुरक्षा संयन्त्र र सीमा व्यवस्थापनमाथिकै गम्भीर चुनौती हुन्। सिरहाको बरियारपट्टि गाउँपालिका–१ कचनारीमा सशस्त्र प्रहरी नायव निरीक्षक लक्ष्मणप्रसाद यादवको हत्या भएको २२ महिनापछि मुख्य आरोपी पक्राउ पर्नु आफैंमा महत्त्वपूर्ण घटनाक्रम हो। तर पक्राउको घटनाले सीमा क्षेत्रमा अपराधको जरा कति गहिरो छ भन्ने प्रश्नसमेत उठाएको छ।

यादवको मृत्यु १६ मंसिर २०८१ मा तस्करीका लागि भारततर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको गाडीको ठक्करबाट भएको थियो। घटनामा संलग्न भनिएका भारतीय नागरिक मोहम्मद कुरवान लामो समयसम्म फरार रहनु र अहिले सीमाक्षेत्रबाटै पक्राउ पर्नुले सीमा सुरक्षाको प्रभावकारितामाथि स्वाभाविक प्रश्न उठाउँछ। प्रहरीका अनुसार पक्राउका क्रममा कुरवानको समूहले गोली चलाएपछि जवाफी कारबाही गरिएको हो। यस घटनामा उनी घाइते भएका छन् भने उनका दुई सहयोगी फरार रहेको प्रहरीले जनाएको छ।

सीमा क्षेत्रको खुलापन नेपाल–भारतबीचको सामाजिक, आर्थिक र सांस्कृतिक सम्बन्धको महत्वपूर्ण पक्ष हो। तर यही खुलापनलाई अपराधी समूहले दुरुपयोग गर्ने अवस्था भने राज्यका लागि गम्भीर चुनौती हो। अवैध मदिरा, लागूऔषध, चोरीका सामान, पशु तथा अन्य वस्तुको तस्करीमा सीमाक्षेत्र प्रयोग हुने गरेका घटना नयाँ होइनन्। यस्ता गतिविधिमा स्थानीय सहयोग, सीमा वारपारको सञ्जाल र कमजोर निगरानी जोडिँदा अपराध नियन्त्रण झन् जटिल बन्न पुग्छ।

सबैभन्दा चिन्ताको विषय भनेको सुरक्षाकर्मी नै तस्करी नियन्त्रणका क्रममा ज्यान गुमाउनुपर्ने अवस्था हो। सीमाको सुरक्षाका लागि खटिएका प्रहरीलाई पर्याप्त सूचना, प्रविधि, जनशक्ति र सुरक्षित कार्य वातावरण उपलब्ध गराउनु राज्यको दायित्व हो। एउटा प्रहरी अधिकारीको हत्या भएपछि लामो समयसम्म मुख्य आरोपी पक्राउ नपर्नु सुरक्षा संयन्त्रका लागि समीक्षा गर्नुपर्ने विषय हो। अहिले आरोपी पक्राउ परे पनि अनुसन्धानले घटनाको वास्तविक पृष्ठभूमि, संलग्न व्यक्ति, तस्करी सञ्जाल र सम्भावित सहयोगीको पहिचान गर्न सक्नुपर्छ।

प्रहरीमाथि गोली प्रहार भएको भनिएको घटनामा पनि कानुनी प्रक्रिया र प्रमाणमा आधारित अनुसन्धान अपरिहार्य छ। आरोपी घाइते अवस्थामा पक्राउ परेकाले उपचारपछि उनीमाथि निष्पक्ष अनुसन्धान अघि बढाइनुपर्छ। प्रहरीको दाबी, घटनास्थलबाट प्राप्त प्रमाण, प्रत्यक्षदर्शीको बयान तथा अन्य वैज्ञानिक प्रमाणका आधारमा अनुसन्धान हुनुपर्छ। दोषी ठहर गर्ने अधिकार अदालतको हो। त्यसैले अनुसन्धान र न्यायिक प्रक्रियालाई प्रभाव पार्ने कुनै पनि पूर्वाग्रह वा दबाब स्वीकार्य हुनु हुँदैन।

यस घटनाले सीमा क्षेत्रमा कार्यरत सुरक्षा निकायबीच समन्वयको आवश्यकता पनि देखाएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच सूचना आदानप्रदान, संयुक्त निगरानी र जोखिमयुक्त क्षेत्रको पहिचानलाई प्रभावकारी बनाउनुपर्छ। आवश्यकता अनुसार भारतीय सुरक्षा निकायसँग समेत समन्वय बढाउन सकिन्छ। सीमा अपराध कुनै एक देशको मात्र समस्या नभएकाले दुई देशबीचको सहकार्यबाटै यसको प्रभावकारी नियन्त्रण सम्भव हुन्छ।

त्यसैगरी, सीमाक्षेत्रका स्थानीय बासिन्दालाई अपराध नियन्त्रणको साझेदार बनाउन आवश्यक छ। तस्करीका गतिविधिबारे सूचना दिने नागरिकलाई सुरक्षा र गोपनीयताको प्रत्याभूति हुनुपर्छ। सीमाक्षेत्रमा राज्यको उपस्थितिलाई केवल प्रहरी गस्तीमा सीमित नराखी विकास, रोजगारी, सेवा प्रवाह र जनचेतनासँग जोड्नुपर्छ। आर्थिक अवसरको अभाव र कमजोर राज्य उपस्थिति अपराधी सञ्जालका लागि अनुकूल वातावरण बन्न सक्छ।

कुरवान पक्राउ परेको घटनालाई प्रहरीले एउटा सफलता मानेर मात्र पुग्दैन। यसलाई सीमा अपराध नियन्त्रणको व्यापक रणनीति पुनरावलोकन गर्ने अवसरका रूपमा लिनुपर्छ। यादवको मृत्युको वास्तविक कारण र त्यससँग जोडिएको सम्पूर्ण सञ्जाल अनुसन्धानबाट बाहिर आउनुपर्छ। फरार व्यक्तिहरू पक्राउ पर्नुपर्छ र प्रमाणका आधारमा दोषीमाथि कानुनी कारबाही हुनुपर्छ।

सीमा सुरक्षा बलियो हुनु भनेको केवल सीमामा सुरक्षाकर्मी थप्नु होइन, अपराधको सञ्जाल पहिचान गर्नु, सूचना संयन्त्र सुदृढ बनाउनु, प्रविधिको प्रयोग बढाउनु र स्थानीय समुदायको विश्वास जित्नु पनि हो। सशस्त्र प्रहरीका सइ यादवको मृत्यु व्यर्थ नहोस् भने राज्यले यस घटनाबाट पाठ सिक्दै सिरहासहित सम्पूर्ण सीमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी, जवाफदेही र परिणाममुखी बनाउनुपर्छ।

शासन–प्रशासनको केन्द्र सिंहदरबारबाट अन्यत्र सरेको हो ?

लोकतन्त्रको सफलता निर्वाचन सम्पन्न हुनुमा मात्र मापन हुँदैन। नागरिकले राज्यबाट कस्तो सेवा पाए ? न्यायका लागि कति समय कुर्नुपऱ्यो ?



श्यामप्रसाद मैनाली

लोकतान्त्रिक शासन व्यवस्थामा सरकारहरू निर्वाचनबाट आउँछन् र जान्छन्। प्रधानमन्त्री, मन्त्री र राजनीतिक नेतृत्व पनि परिवर्तन भइरहन्छन्। तर, राज्य सञ्चालनको निरन्तरता कायम राख्ने स्थायी संयन्त्र भने निजामती प्रशासन नै हो।

राजनीतिक नेतृत्वले नीति, दृष्टिकोण र प्राथमिकता निर्धारण गर्छ। लोकतान्त्रिक शासन व्यवस्थाभित्र सार्वजनिक सेवालाई प्रभावकारी, पारदर्शी र जनमैत्री रूपमा सञ्चालन गरेको उत्कृष्ट उदाहरणका रूपमा सिंगापुरलाई प्रस्तुत गर्न सकिन्छ।

पछिल्लो केही समययता नेपालमा कर्मचारीतन्त्रप्रति राजनीतिक नेतृत्वको व्यवहारबारे गम्भीर प्रश्नहरू उठेका छन्। दुईतिहाइ बहुमतसहितको शक्तिशाली सरकारले समेत कर्मचारी संयन्त्रलाई विश्वास र व्यावसायिक सहकार्यका आधारमा परिचालन गर्न नसक्ने अवस्था सिर्जना भयो भने त्यसले लोकतान्त्रिक शासनको संस्थागत स्वास्थ्यबारे स्वाभाविक प्रश्न उठाउँछ। पछिल्लो समय कर्मचारीमाथि राजनीतिक दबाब, धम्की वा प्रतिशोधको अनुभूति बढेको टीकाटिप्पणी व्यापक छ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अमरेशकुमार सिंहले संसद्मै कर्मचारीलाई पेस्तोल देखाएर अमुक नेताविरुद्ध 'रेड कर्नर नोटिस' जारी गर्न बाध्य पार्न खोजिएको भनाइ राखे। त्यसअतिरिक्त शासन प्रशासनको केन्द्र सिंहदरबारबाट अन्यत्र सरेको दाबी पनि उनले गरे। कुनै शासकीय वा कानुनी अनुभव नभएका सल्लाहकारमार्फत शासन सञ्चालन हुन थालेको तथा प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार भूमिगत शैलीमा नयाँ दिल्ली पुगेर त्यहाँका सुरक्षा निकायका अधिकारीसँग भेटेको जस्ता गम्भीर अभिव्यक्ति संसद्मै रेकर्ड भएका छन्।

यी विषयमा सत्य असत्यको अन्तिम निष्कर्ष सम्बन्धित आधिकारिक अनुसन्धान र प्रमाणबाटै निकालिनुपर्छ। तर, यस्ता सार्वजनिक अभिव्यक्तिले राज्यका स्थायी संयन्त्र र राजनीतिक नेतृत्वबीचको सम्बन्धबारे गम्भीर बहस भने जन्माएको छ।

त्यस्तै, पूर्वपरिचयका आधारमा प्रधानमन्त्रीलाई सन्देशमार्फत केही अनुरोध गर्ने एक सचिवमाथि भएको कठोर व्यवहार, प्राकृतिक विपत्तिमा ज्यान गुमाएका नागरिकको शव व्यवस्थापनसम्बन्धी सुझाव दिएका एक सहसचिवलाई त्यसै सन्दर्भमा रसुवा पठाइएको भन्ने सार्वजनिक विवरण तथा उच्चपदस्थ कर्मचारीहरूले राजीनामा दिएको घटनाक्रमले पनि कर्मचारीको मनोबल र प्रशासनिक सुरक्षाको प्रश्न उठाएको छ। यी सबै घटनाका तथ्यगत र कानुनी पक्ष सम्बन्धित निकायबाट पुष्टि हुनुपर्ने भए पनि यस्ता घटनाको सार्वजनिक प्रभावलाई भने बेवास्ता गर्न मिल्दैन।

कर्मचारीले गल्ती गरेमा कानुनअनुसार अनुसन्धान र कारबाही हुनैपर्छ। भ्रष्टाचार, अनियमितता, अधिकारको दुरुपयोग वा गैरजिम्मेवार व्यवहारलाई कर्मचारीतन्त्रको आवरणमा संरक्षण गर्नु पनि उचित हुँदैन। तर, केही व्यक्तिको कमजोरीलाई सम्पूर्ण कर्मचारी समुदायको चरित्रका रूपमा प्रस्तुत गर्नु अर्को अतिवाद हो। सबै कर्मचारी उत्कृष्ट छन् भन्ने धारणा जति गलत हुन्छ सबै कर्मचारी भ्रष्ट, अक्षम वा विकासविरोधी छन् भन्ने धारणा पनि त्यति नै अन्यायपूर्ण हुन्छ। व्यक्तिगत कमजोरी र संस्थागत कमजोरीलाई छुट्याएर हेर्नु नै सुशासनको पहिलो सर्त हो।

अन्तर्राष्ट्रिय अनुभवबाट सिकाइ

बेलायतमा राजनीतिक नेतृत्व र स्थायी निजामती प्रशासनबीच भूमिका र जिम्मेवारीको स्पष्ट विभाजनलाई महत्त्व दिइन्छ। मन्त्रीले राजनीतिक नीति र प्राथमिकता निर्धारण गर्छन् भने कर्मचारीले कानुनी, प्रशासनिक र प्राविधिक पक्षमा व्यावसायिक सुझाव दिन्छन् तथा नीति कार्यान्वयनमा सहयोग गर्छन्। योग्यता, निष्पक्षता, खुला प्रतिस्पर्धा, सीप विकास, प्रतिभा व्यवस्थापन र दीर्घकालीन प्रशासनिक क्षमता निर्माणलाई सार्वजनिक सेवाको आधार मानिएको छ।

सिंगापुरको अनुभव पनि नेपालका लागि अध्ययनयोग्य छ। सीमित भूगोल र प्राकृतिक स्रोत भए पनि उसले सार्वजनिक प्रशासनलाई राष्ट्रिय विकासको रणनीतिक साधनका रूपमा विकास गरेको छ। त्यहाँ निजामती सेवामा योग्यता, क्षमता, कार्यसम्पादन र अनुशासनलाई महत्व दिइन्छ। सार्वजनिक पदलाई व्यक्तिगत प्रतिष्ठाभन्दा राष्ट्रसेवाको जिम्मेवारीका रूपमा हेर्ने प्रशासनिक संस्कार विकास गरिएको छ।

सिंगापुरको अर्को महत्त्वपूर्ण पक्ष भ्रष्टाचार नियन्त्रण हो। भ्रष्टाचारलाई केवल कानुनी अपराधका रूपमा होइन, राज्यको नैतिक चरित्रसँग जोडिएको विषयका रूपमा हेरिन्छ। अनुसन्धान र कारबाहीका संस्थालाई प्रभावकारी बनाउने, सार्वजनिक पदाधिकारीलाई उत्तरदायी बनाउने तथा कानुनको कार्यान्वयनमा अनावश्यक विभेद नगर्ने अभ्यासले राज्यप्रतिको विश्वास बलियो बनाउन योगदान गरेको छ।

त्यहाँ सार्वजनिक सेवामा प्रविधिको व्यापक प्रयोगले पनि प्रशासनलाई नागरिककेन्द्रित बनाउन सहयोग गरेको छ। व्यापार, कर, सरकारी अनुमति, व्यक्तिगत कागजात तथा विभिन्न सार्वजनिक सेवा डिजिटल प्रणालीमार्फत उपलब्ध गराउने प्रयासले सेवाग्राहीको समय बचत गर्नुका साथै अनावश्यक प्रत्यक्ष सम्पर्क घटाएको छ। सरकार नागरिकलाई कार्यालय धाउन बाध्य पार्नुभन्दा सकेसम्म सेवा नागरिकसम्म पुऱ्याउने अवधारणोन्मुख देखिन्छ।

अझ महत्वपूर्ण कुरा, दीर्घकालीन राष्ट्रिय आवश्यकता र तत्कालीन राजनीतिक लाभबीच सन्तुलन कायम गर्ने प्रयासले नीति निरन्तरतामा सहयोग पुऱ्याएको छ। शिक्षा, आवास, स्वास्थ्य, यातायात, सहरी विकास, जल व्यवस्थापन र आर्थिक विकासजस्ता क्षेत्रमा दीर्घकालीन सोचका साथ संस्थागत क्षमता निर्माण गरिएका छन्।

यद्यपि सिंगापुरको राजनीतिक, सामाजिक र ऐतिहासिक परिवेश नेपालभन्दा भिन्न भएकाले त्यसको अभ्यासलाई जस्ताको तस्तै अनुकरण गर्न सकिँदैन। तर सक्षम संस्था, योग्य जनशक्ति, अनुशासन, भ्रष्टाचार नियन्त्रण र नागरिककेन्द्रित सेवा प्रवाहजस्ता मूल पाठ नेपालका लागि अवश्य उपयोगी छन्।

नेपालको कर्मचारीतन्त्रका चुनौती

नेपालको निजामती प्रशासनमा पनि सुधार गर्नुपर्ने पक्ष धेरै छन्। राजनीतिक हस्तक्षेप, सरुवा–बढुवामा अनिश्चितता, पहुँचलाई योग्यता र कार्यसम्पादनभन्दा बढी महत्व दिने प्रवृत्ति, बारम्बार हुने संस्थागत परिवर्तन, निर्णय प्रक्रियाको ढिलाइ र जटिल कार्यविधि प्रशासनका दीर्घकालीन समस्या हुन्।

त्यसैगरी गल्तीको भयले निर्णय गर्न नचाहने प्रवृत्ति, कार्यसम्पादन मूल्यांकनलाई औपचारिकतामा सीमित गर्ने अभ्यास, विज्ञ जनशक्तिको उचित उपयोग नहुनु, तालिम तथा क्षमता विकासको कमजोरी, पुरस्कार र दण्ड प्रणालीको अविश्वसनीयता तथा डिजिटल प्रविधिको असमान प्रयोगले पनि प्रशासनिक प्रभावकारितामा असर पारेका छन्।

त्यसैले कर्मचारीतन्त्र सुधारको अर्थ कर्मचारीलाई अपमानित गर्नु होइन, योग्यलाई अघि बढाउने, कमजोरलाई सुधार्ने र भ्रष्ट वा गैरजिम्मेवारलाई कानुनबमोजिम उत्तरदायी बनाउने संस्थागत व्यवस्था निर्माण गर्नु हो।

सरकारको दृष्टिकोणमा परिवर्तन आवश्यक

सरकारले कर्मचारीलाई आदेश पालना गर्ने संयन्त्रका रूपमा नभएर राज्य सञ्चालनको व्यावसायिक साझेदारका रूपमा हेर्नुपर्छ। मन्त्रीले राजनीतिक दिशा दिने र कर्मचारीले कानुनी, प्राविधिक तथा प्रशासनिक सुझाव दिने भूमिकासम्भव स्पष्ट सीमा र सहकार्य आवश्यक छ।

कुनै निर्णय कानुनविपरीत, अव्यावहारिक वा राज्यहितमा जोखिमपूर्ण छ भने कर्मचारीले त्यसबारे सचेत गराउनु उसको कर्तव्य हो। यस्तो सुझावलाई राजनीतिक असहमति वा असहयोगका रूपमा बुझ्ने प्रवृत्तिले अन्ततः सरकारलाई नै कमजोर बनाउँछ। असल कर्मचारीको कर्तव्य सधैँ 'हुन्छ' भन्नु होइन आवश्यक पर्दा विनम्रतापूर्वक 'यसरी गर्दा समस्या पर्न सक्छ' भन्न सक्ने साहस पनि हो।

त्यसैगरी कर्मचारीलाई स्थायित्व र सुरक्षाको अनुभूति आवश्यक हुन्छ। निरन्तर सरुवा, राजनीतिक प्रतिशोध वा सार्वजनिक अपमानको भयमा रहेको कर्मचारीबाट सिर्जनशीलता, निर्भीक निर्णय र उच्च कार्यसम्पादन अपेक्षा गर्न कठिन हुन्छ। प्रशासनलाई डरबाट होइन, जिम्मेवारी र विश्वासबाट सञ्चालन गर्नुपर्छ।

सुधारको बाटो

नेपालको निजामती प्रशासन सक्षम बनाउन भर्ना र बढुवामा योग्यता, निष्पक्षता र प्रतिस्पर्धालाई अझ बलियो बनाउन आवश्यक छ। सरुवा प्रणालीलाई पारदर्शी, पूर्वानुमानयोग्य र प्रविधिमा आधारित बनाउनुपर्छ। उच्च पदमा नियुक्ति गर्दा स्पष्ट मापदण्ड, कार्यसम्पादन, अनुभव, नेतृत्व क्षमता, इमानदारी र व्यावसायिक दक्षतालाई आधार बनाउनुपर्छ। उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कार र प्रोत्साहन तथा भ्रष्टाचार, लापरबाही र अधिकार दुरुपयोग गर्नेलाई निष्पक्ष र शीघ्र कारबाही आवश्यक छ।

विशेषज्ञतामा आधारित वृत्ति विकास, नियमित क्षमता अभिवृद्धि, डिजिटल प्रशासन, तथ्यांक विश्लेषण र आधुनिक व्यवस्थापन सीपलाई प्रशासनको अभिन्न अंग बनाउनुपर्छ। निर्णय गर्ने अधिकार र त्यससँग जोडिएको उत्तरदायित्वबीच सन्तुलन कायम गर्दै अनावश्यक तह र प्रक्रिया घटाउनुपर्छ।

संघ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक समन्वय स्पष्ट हुनुपर्छ। नागरिकले पाउने सेवा, समय, गुणस्तर र परिणामका आधारमा कार्यालयको मूल्यांकन गर्ने व्यवस्था विकसित गर्नुपर्छ। साथै, नागरिकका गुनासा सुन्ने र समाधान गर्ने प्रभावकारी संयन्त्र आवश्यक छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा,

–बाँकी तीन पेजमा

शासन–प्रशासनको ...

सुधारलाई 'कर्मचारीविरोधी अभियान' होइन, 'कर्मचारी–सरकार साझेदारी अभियान'का रूपमा अघि बढाउनुपर्छ। राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रको अपनत्व लिनुपर्छ र कर्मचारीले पनि आफ्नो स्थायी हैसियतलाई जनताप्रतिको उत्तरदायित्वबाट अलग गर्न मिल्दैन।

निष्कर्ष

सरकार बलियो हुँदैमा राज्य बलियो हुँदैन। बरु राज्यका संस्थाहरू बलिया भएमात्र सरकार प्रभावकारी हुन्छ। राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई आफ्नो विरोधी वा बाधकका रूपमा होइन, सुधार गर्नुपर्ने तर अपरिहार्य राष्ट्रिय संस्थाका रूपमा बुझ्नुपर्छ। कर्मचारीले पनि स्थायित्वको नाममा निष्क्रियता, ढिलासुस्ती र गैरजवाफदेहितालाई संरक्षण गर्ने अधिकार राख्दैनन्। उनीहरू जनताप्रति उत्तरदायी, परिणाममुखी, निष्पक्ष र सेवाभावी हुनैपर्छ।

नेपाललाई आज डराएको होइन जिम्मेवार कर्मचारीतन्त्र चाहिएको छ। चाप्लुस होइन व्यावसायिक प्रशासन चाहिएको छ। निष्क्रिय होइन परिणाममुखी संयन्त्र चाहिएको छ। राजनीतिक प्रभावमा चल्ने होइन संविधान, कानुन र सार्वजनिक सेवाका मूल्यमा अडिएको निजामती सेवा चाहिएको छ।

सिंगापुरको अभ्यास नेपालमा यथावत् अनुकरण गर्न सम्भव नहोला तर त्यसबाट सिक्नुपर्ने मूल पाठ स्पष्ट छ — सुशासनका लागि ठूलो भूगोलभन्दा ठूलो दृष्टिकोण, धेरै स्रोतभन्दा स्रोतको इमानदार उपयोग र धेरै कानुनभन्दा कानुनको निष्पक्ष कार्यान्वयन आवश्यक हुन्छ।

लोकतन्त्रको सफलता निर्वाचन सम्पन्न हुनुमा मात्र मापन हुँदैन। नागरिकले राज्यबाट कस्तो सेवा पाए ? न्यायका लागि कति समय कुर्नुपऱ्यो ? सेवा लिन भनसुन आवश्यक भयो कि भएन ? भ्रष्टाचारलाई नियति मान्नुपर्ने अवस्था रहयो कि रहेन ?

साथै राज्य आफ्ना नागरिकप्रति कति उत्तरदायी बन्यो भन्नेबाट पनि लोकतन्त्रको वास्तविक गुणस्तर मापन हुन्छ। असल शासन शासकको शक्ति प्रदर्शन नभएर नागरिकको जीवन सहज बनाउने राज्यको क्षमता हो। त्यसका लागि सरकार र कर्मचारीबीचको सम्बन्ध आदेश र भयको होइन विश्वास, सम्मान, उत्तरदायित्व र साझा राष्ट्रिय उद्देश्यको हुनुपर्छ। यही सम्बन्ध बलियो बनाउन सकियो भनेमात्र निजामती प्रशासन राज्य सञ्चालनको वास्तविक मेरुदण्डका रूपमा अझ सुदृढ हुनेछ। (नेपाल सरकारका पूर्वसचिव) बाह्रखरीबाट

बाढी प्रभावितका ...

संकलित रकम प्रधानमन्त्री राहत कोषमा हस्तान्तरणसँगै आयोजित अन्तर्क्रिया कार्यक्रममा समाजका प्रमुख संरक्षक मोहम्मद मुक्तदा मुसलमानले राहत अभियानलाई निरन्तरता दिँदै दीर्घकालीन सामाजिक परियोजनाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सम्पूर्ण नेपाली मुस्लिम संघ–संस्थाहरू आबद्ध रहेको संयुक्त बोर्ड गठनका लागि पहल गर्न आग्रह गरे।

समाजका अर्का संरक्षक मोहम्मद अजिज अलीले संस्थालाई थप व्यापक र सुदृढ बनाउँदै सामाजिक सेवाका कार्यक्रमहरूलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए। संरक्षक करिम बक्स मियाँले प्रस्तावित दीर्घकालीन परियोजनाको अवधारणा प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक आत्मनिर्भरतासँग जोडिएका कार्यक्रमहरूको महत्व औँल्याए।

सामाजिक सेवाका कार्यक्रमहरूसम्बन्धी प्रस्तावित दीर्घकालीन परियोजनाहरूका लागि न्यूनतम एक करोड रुपैयाँको प्रारम्भिक कोषबाट 'चेन कमान परियोजना' थालिने विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा सामुदायिक आत्मनिर्भरता तथा आर्थिक सशक्तीकरण परियोजना कृषि, प्रशोधन, उत्पादन र बजारीकरणको दिगो प्रणाली विकास गरी त्यसबाट हुने आम्दानीले विपन्न विद्यार्थीको शिक्षा र स्वास्थ्यमा सहयोग, युवा उद्यमशीलताको विकास, धार्मिक सांस्कृतिक सम्पदाको संरक्षणमा उपयोग गरिने लक्ष्य रहेको जनाइएको छ। त्यसका लागि 'योगदानबाट पुँजी, पुँजीबाट उत्पादान, उत्पादनबाट आम्दानी, आम्दानीबाट समुदायको विकास गरिने समाजले जनाएको छ।

छात्रावासबाट ...

सम्पर्क गरेर बल्ला छुटाएर ल्याएपछि सामान्य तर्साउन एक दुई लठ्ठी कुटेको स्वीकार गरे। यता विद्यार्थीका अभिभावकले भने बच्चालाई निर्घात रुपमा कुटपीट र बाँधेर राखेको बताए। विद्यार्थी आफैले पनि आफूलाई बाधेर घोप्टो बनाएर फलामे छड र प्लास्टिकको पाइपले कुटेको बताए।

बालकलाई अहिले परिवारजनले घर लगेर उपचारमा राखेको छ। सिरहाका कतिपय निजी विद्यालयहरुले विद्यार्थीलाई अनुशासनमा राख्ने नाममा यातना दिने, कुटपीट गर्ने घटना हुँदै आएको छ। यस्तो घटना दोहरी रहँदा धेरै घटनाहरु आथिएक लेनदेनमा मिल्ने गरेको छ। सरोकारबालाको मौनताले यहाँका बालबालिकाहरु विद्यालयमा यातना भोग्न बाध्य वरहेको अधिकारकर्मीहरु बताउँछन्।

२२ महिनापछि ...

भएपनि अब त न्याय पाइन्छ कि !' उनले भने, 'मुख्य अभियुक्त पक्राउ परेको खबरले हामीलाई ठूलो राहत मिलेको छ।' घटनामा संलग्न अरू व्यक्तिलाई पनि पक्राउ गरेर न्याय दिनुपर्ने उनले माग गरे।

मृतक लक्ष्मणप्रसादका साला रञ्जित यादव पनि मुख्य अभियुक्त पक्राउ पर्दा न्याय पाउनेमा आशावादी देखिएका छन्। 'नागरिक अन्यायमा पर्दा प्रहरीले सुरक्षा दिन्छ र राज्यले न्याय दिन्छ भन्ने विश्वास हुन्छ। तर, सुरक्षामै खटिएको प्रहरीको हत्या हुँदा न्याय नपाइए विश्वास हराउँदै जाने रहेछ,' उनले भने, 'अहिले मुख्य अभियुक्त पक्राउ पर्दा हराएको विश्वास फर्किएको छ।'

यसरी भएको थियो हत्या

२०८१ मंसिर १६ गते बिहानै भारतबाट नेपालतर्फ मदिरा तस्करी भइरहेको सूचना प्राप्त भएको थियो। त्यसपछि अँध्यारोमै ३ बजे बरियारपट्टी गाउँपालिका–१ कचनारीस्थित नेपाल–भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी टाली खटियो। बीओपी बडहरी बरियारपट्टीबाट सई लक्ष्मणप्रसादको नेतृत्वमा उक्त टोली खटिएको थियो। सूचनाअनुसार सशस्त्र प्रहरीको टोलीले शंकास्पद गाडी आइरहेको देख्यो। उक्त गाडी डीएल ५ सीजे ७१७१ नम्बरको सफारी जिप थियो।

ड्युटी टोलीले उक्त जिपलाई रोक्न खोज्यो। तर, चालकले ड्युटीमा रहेका सई लक्ष्मणप्रसादलाई ठक्कर दिएर फरार भएको सशस्त्र प्रहरीले बताउँदै आएको छ। गम्भीर घाइते भएका सई लक्ष्मणप्रसादको उपचारका क्रममा मृत्यु भएको थियो। घटनापछि गाडीमा सवार व्यक्तिहरू फरार थिए। त्यसपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै संलग्न व्यक्तिहरूको खोजी गरिरहेको थियो।

२२ महिनापछि गोली चलाएर मुख्य अभियुक्त पक्राउ

घटनाको २२ महिनापछि प्रहरीले भारत बिहारको मधुवनी जिल्ला, ललबनियाँ थाना, घोडमोहना गाउँका ३७ वर्षीय मोहम्मद कुरवान मंसुरीलाई पक्राउ गरेको छ। उनी नै मुख्य अभियुक्त रहेको प्रहरीले जनाएको छ। सई लक्ष्मणप्रसादको हत्यामा प्रयोग भएको गाडीका धनी उनी नै रहेको प्रहरीले बताएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बरियारपट्टी गाउँपालिका–१ कचनारीस्थित नेपाल–भारत सीमा क्षेत्रबाट उनलाई पक्राउ गरिएको हो।

प्रहरीले कुरवानसहित तीन जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय महेशपुरपतारको टोलीले उनीहरूलाई चिनेर पक्राउ गर्न खोजेपछि सीमाक्षेत्रबाट भाग्न खोजेको थियो। त्यसक्रममा उनीहरूले प्रहरीलाई लक्षित गरी एक राउन्ड गोलीसमेत चलाएको प्रहरीको भनाइ छ। जवाफमा प्रहरीले तीन राउन्ड गोली चलाएर उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीको गोली लागेर कुरवानको बायाँ हातको कुहिना र दाहिने खुट्टाको घुँडामा चोट लागेको छ। पक्राउपछि उनलाई प्रादेशिक अस्पताल सिरहामा उपचार गरिँदै छ।

'अन्य फरार चाँडै समातिन्छन्'

मुख्य अभियुक्त समातिएपछि जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी वासुदेव पाठक, सशस्त्र प्रहरीका एसपी सुमनजंग थापासहितको टोली मृतक सई लक्ष्मणप्रसादको घर पुगेका थिए। उनीहरूले बाँकी अभियुक्तलाई छिट्टै समातेर न्यायको प्रत्याभूति दिलाउने प्रतिबद्धता जनाएका छन्। एसपी पाठकले घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याएर पीडित परिवारलाई न्याय दिलाउन प्रहरी प्रतिबद्ध रहेको बताए।

'घटनामा संलग्न अर्का एक जना अझै फरार छन्। उनको पनि खोजी भइरहेको छ,' पाठकले भने। मुख्य अभियुक्त पक्राउसँगै प्रहरीले घटनाको अनुसन्धान थप अघि बढाएको जनाएको छ।

बारामा चक्कु प्रहार गरी हत्या आरोपमा युवक पक्राउ

वीरगन्ज, ४ असोज। बारामा चक्कु प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ। सिमरास्थित सम्झना स्टाफ होटलमा ३५ वर्षीय शेरबहादुर खड्काको घाँटीमा चक्कु प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले सिमरा उपमहानगरपालिका–२ निवासी आयुष राईलाई पक्राउ गरेको हो।

बारा प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरका अनुसार राईले शनिबार साँझ साढे ५ बजे सिमरा उपमहानगरपालिका–२ निवासी खड्काको घाँटीमा चक्कु प्रहार गरेका थिए। घाइते खड्काको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार राईलाई धानबारीमा लुकेको अवस्थामा शनिबार राति नै पक्राउ गरिएको हो। राईलाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

विद्यालय पाठ्यक्रम फेरिँदै : सीप, प्रविधि र रोजगारलाई प्राथमिकता

नारायण किलम्बू

काठमाडौं, ४ असोज। सरकार विद्यालय तहको प्रारम्भिक बालविकासदेखि १२ कक्षासम्मको राष्ट्रिय पाठ्यक्रम परिमार्जनमा जुटेको छ। मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न २० वर्षपछि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न सघाउने खालको पाठ्यक्रम तयार पार्न सरकारले सरोकारवाला र विज्ञहरुसँग छलफल गरिरहेको छ। यसअघि २०७६ मा पाठ्यक्रम परिमार्जन गरिएको थियो।

तर, सात वर्षमै पाठ्यक्रम परिमार्जन किन आवश्यक पर्यो ? पाठ्यक्रम परिमार्जन गरेर कस्तो बनाइँदैछ ? २०७६ सालमा विद्यालय शिक्षाको राष्ट्रिय प्रारूप तयार पारिँदा भनिएको थियो– विद्यालय शिक्षालाई सीपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवं मूल्यमा आधारित बनाउने उद्देश्यले यो पाठ्यक्रम प्रारूप तयार पारिएको छ।

त्यतिबेला तयार पारिएको पाठ्यक्रम कति सीपमूलक भयो, कतिका लागि रोजगार सिर्जना गर्न सक्यो त्यसबारे सरकारले कतै स्पष्ट पारेको छैन। अहिले फेरि विद्यालय तहको पाठ्यक्रम परिमार्जनको तयारी थालिएको छ। पाठ्यक्रम परिमार्जन कार्यदलका पदाधिकारी भन्छन्– अबचाहिँ समसामियक माग, आवश्यकताका आधारमा प्रविधिमैत्री र जीवनोपयोगी सिकाइ सुनिश्चित हुने गरी पाठ्यक्रम तयार पारिनेछ।

अब २० वर्षपछि मुलुकका लागि आवश्यक जनशक्ति उत्पादन हुने खालका विषयबस्तु समावेश गरी व्यावहारिक सीप र रोजगारमूलक पाठ्यक्रम विकास गर्ने तयारी छ। मुलुकको शिक्षाको राष्ट्रिय गन्तव्य तय गर्नेगरी सातवटै प्रदेशका २८ जिल्लाका २५ हजार सरोकारवालासँग छलफल गरी राय सुझाव संकलन गरिसकिएको छ।

विद्यालय तहको पाठ्यक्रमले भविष्यमा कुनै पेसा, व्यवसायमा संग्लन हुन आवश्यक पर्ने सीप नसमेटेको भनेर आलोचना पनि हुँदै आएको छ। त्यसलाई सम्बोधन गर्ने कार्यदलको तयारी छ। अर्कोतिर बालबालिकाको शारीरिक तथा बौद्धिक विकास हुनेगरी दैनिक जीवनका व्यावहारिक सीप सिकाउने पाठ्यक्रम हुनुपर्ने विद्यालय सञ्चालकहरुको सुझाव छ।

विद्यालय तहको पाठ्यक्रमले नैतिक शिक्षामा आधारित जनशक्ति उत्पादनमा पनि जोड दिनुपर्ने उनीहरुले बताएका छन्। शिक्षाविद्हरुको अर्को चासो सैद्धान्तिक ज्ञानसँगै अतिरिक्त क्रियाकलापमा आधारित पाठ्यक्रममा पनि छ।

अहिले पाठ्यक्रम रहेका सामग्री बढी सैद्धान्तिक ज्ञान थोपर्ने खालका र लामो हुने गरेको गुनासो पनि सुनिने गरेको छ। तिनलाई छोट्याउँदै विद्यार्थीलाई नै खोज र अनुसन्धान गर्न प्रेरित गर्ने खालको बनाउन र दैनिक जीवनमा आइपर्ने घरायसी तथा सामुदायिक काम गर्न सिकाउने खालका पाठ्यक्रम समावेश गर्न पनि विज्ञको जोड छ।

सरकारले पाठ्यक्रम परिमार्जन कार्यदललाई ६ महिनासम्मको समयसीमा दिएको छ, सोहीअनुसार प्रतिवेदन बुझाउने गरी कार्यदलले काम गरिरहेको छ।

'पर्यावरणलाई ध्यानमा राखेर बजेट निर्माण गर्नुपर्छ'

धर्वेन्द्र झा

जनकपुरधाम, ४ असोज। मधेश प्रदेशका सभामुख रामअशिष यादवले तीनवटै तहका सरकारले पर्यावरणलाई ध्यानमा राखेर बजेट निर्माण गर्नुपर्ने बताउनुभएको छ। मधेश प्रदेशको राजधानीमा आइतबार एक्सन एडको सहयोगमा रतौली युवा क्लवले आयोजना गरेको मधेश प्रदेश वित्तीय संवाद २०८३–८४ को समापनसत्रलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

उहाँले विश्वमा बजेट निर्माणको मुख्य तीन स्तम्भ सामाजिक, आर्थिक र पर्यावरण क्षेत्र रहेको उल्लेख गर्दै उहाँले यी तीन विषयलाई समेटेर बजेट निर्माण भएमा दिगो विकासका लक्ष्य प्राप्ती गर्न सहज हुने धारणा राख्नुभयो।

सभामुख यादवले संघीयताले देशलाई आर्थिक भार भयो भन्ने कुरा गलत भएको धारणा राख्दै बजेटको १०० प्रतिशतमध्ये ३० प्रतिशत बजेट मात्र प्रदेश र स्थानीय तहलाई दिने गरिएको र ७० प्रतिशत बजेट अझै संघ सरकारसँगै रहेको बताउनुभयो।

कार्यक्रममा प्रदेशसभा सदस्य अनिताकुमारी साहले मधेश प्रदेश सरकारको असार महिनामै बढी बजेट खर्च गर्ने शैली उपयुक्त नभएको भन्दै पुँजीगत खर्च पनि आर्थिक वर्षको सुरु महिनादेखि नै हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नीति तथा योजना आयोग मधेश प्रदेशका सदस्य नवल किशोर यादवले मधेश प्रदेश सरकारले वित्तीय सुशासन कायम गर्न चालु आर्थिक वर्षदेखि कामकाजलाई तीव्र बनाएको भन्दै फजुलको खर्च कटौती गरी टेण्डर प्रक्रियावाट कामकाज अघि बढाएको बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह रौनियारले मधेश प्रदेशमा बिगतमा हरेक सरकारले ल्याउने बजेटमा सन्तुलन नदेखिएको भन्दै सन्तुलित बजेट ल्याएको खण्डमा नागरिकले सामाजिक न्याय पाउने बताउनुभयो।

कार्यक्रममा सहभागीहरुले बार्षिक रुपमा बजेटको आकार बिस्तार हुँदै गए पनि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारी तथा सीमान्तकृत समुदायको जीवनस्तरमा अपेक्षित सुधार नभएको भन्दै यी बिषयहरुलाई प्रदेश सरकारले बजेट बिनियोजनको समयमा ध्यान दिनु पर्नेमा जोड दिएका थिए। रतौली युवा कल्बका अध्यक्ष मोहमद साकिर खानको अध्यक्षतामा कार्यक्रम भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

उद्योगीको अप्ठेरोमा मधेश सरकार सधै साथ रहन्छ : अर्थ मन्त्री भट्टराई



जनकपुरधाम, ४ असोज । मधेश सरकारका अर्थ मन्त्री युवराज भट्टराईले सरकार व्यवसायीहरुको साथमा रहेको बताए । नेपाल ईंटा उद्योग महासंघ मधेश प्रदेशको जनकपुरमा सम्पन्न चौथो वार्षिक साधारणसभालाई सम्वोधन गर्दै मन्त्री भट्टराईले सरकार कर असुल्नमात्र हैन, व्यसायीलाई अप्ठेरो परेको समयका अभिभावक पनि हुन् ।

उनले मधेश सरकार ईंटा उद्योगमात्र हैन अन्य व्यसायीको समस्यालाई समाधान गर्न हरहमेसा तत्पर रहेको बताए । उनले भने, हामीले व्यसायीहरुको आव्हानमा प्रति ईंटा लगाएको करलाई प्रति उद्योग कर लगाउने विषय सम्वोधन गर्यौं, अझै पनि समस्याहरु के के छन्, तपाईहरु छन्, त्यसवलाई मन्त्रालय छलफल गर्न र समाधानका उपाय खोज्न तत्पर छौं ।

उनले अर्थ मन्त्रालय आफ्नो तर्फठ गर्नु, प्रदेश सरकारबाट हुने र संघियसरकारसँग समन्वय गरेर व्यसायीहरुको समस्या समाधान गर्न तत्पर रहेको बताए । कार्यक्रममा जनकपुर उपमहा नगरपालिकाका प्रमुख मनोज साहले मधेशमा हुने विकास निर्माणमा ईंटा प्रयोगको लागि सरकारले पहल गर्नु पर्ने बताए । उनले मधेशको माटो मलिलो भएकोले यहाँको विकास निर्माणमा ढुंगा प्रयोमा रोक लगाएर ईंटाको प्रयोग सिफारिस गर्न प्राविधिकहरुसँग आग्रह गरे ।

उनले नेपालमा ईंटा आत्मनिर्भर रहेकोले यस उद्योगलाई सवलिकरण गर्न सरकारले पहलकदमी लिनु पर्ने बताए । सोही क्रममा व्यसायीहरुले कोरोना पछि नेपालको ईंटा व्यसायी धरासायी हुँदै गएको बताए । नेपालमा एक हजार तीन सय उद्योग रहेकोमा अहिले ७ सय २० मा झरेको व्यसायीहरुले बताए । अहिले चलिरहेको व्यसायलाई टिकाई राख्न सरकारले आवश्यक सहयोग गर्नु पर्ने माँग गरे ।

उनीहरुले ईंटा बनाउने माटो, कोइला आपुर्तिमा सहजता कायम गर्न सरकारले सहयोग गर्नु पर्ने बताए । कार्यक्रममा महासंघका प्रदेश अध्यक्ष विक्रम कुमार साहले मधेशका ईंटा उद्योगहरुले देशका ४ प्रदेशमा ईंटा आपुर्ति गर्दै आएको बताए । तथापी मधेशमा ७ सय भद्या बढी रहेको उद्योगहरु अहिले ३२०मा झरेको छ । यसलाई टिकाई राख्न सरकारको पनि दायीत्व रहेको बताए ।

मधेसमा आत्महत्याका घटना बढ्दै

जनकपुरधाम, ४ असोज । पछिल्लो समय मधेस प्रदेशका जिल्लामा आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएका छन् । प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको अवधिमा मधेसका विभिन्न जिल्लामा गरी २५० जनाले आत्महत्या गरेका छन् । अधिकांशले झुण्डिएर र विष सेवनलाई आत्महत्याको माध्यम बनाउँदै आएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ । चालु आव २०८३/८४ को साउनमा ८८ र भदौमा १६२ गरी दुई महिनाको अवधिमा २५० जनाले आत्महत्या गरेका मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए ।

उनका अनुसार सो अवधिमा सबैभन्दा बढी सिरहा र बारामा ४६/४६, सप्तरीमा ३९, रौतहटमा ३०, धनुषा र महोत्तरीमा २४/२४, सर्लाहीमा २१ र पर्सामा २० जनाले आत्महत्या गरेका छन् । यसरी अत्यधिक वृद्धि भएको आत्महत्याको ठोस कारण यकिन गर्न नसके पनि घरायसी विवाद, प्रेममा असफलता, गरिबी, बेरोजगारी र जीवनको दुःख कष्ट सहन नसकेरलगायत रहेका बुद्धिजीविहरू बताउँछन् ।

उमेरको हिसाबले १६ वर्ष मुनिदेखि ७० वर्षसम्मका वृद्धवृद्धाले आत्महत्या गर्दै आएका छन् । आत्महत्या गर्नेहरूमा १८ वर्षदेखि ४० वर्षबीचको संख्या बढी रहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बताए । त्यस्तै, पुरुषको तुलनामा महिलाले बढी आत्महत्या गर्ने गरेका उनको भनाइ छ । महिलामाथि हिंसा बढी हुने गरेकाले पनि पुरुषको तुलनामा बढी आत्महत्या गर्ने गरेका महिला अधिकारकर्मी सरस्वती मण्डलले बताइन् । "आत्महत्या गर्नेमा सामान्य आर्थिक अवस्थाका व्यक्ति बढी छन्। यसपछि न्यून आय भएका व्यक्तिको संलग्नता पाइँदैन", उनले भनिन् ।

अधिकांशले झुण्डिएर र विष पिएर आत्महत्या गर्ने गरेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले केहीले हाम फालेर आत्महत्या गर्ने गरेको उल्लेख गरे । यसरी सामान्य विवादमा पनि विष पिएर आत्महत्या गर्ने प्रवृत्ति समाजका लागि चुनौतीको विषय बनेको स्थानीय बुद्धिजीविहरूको भनाइ छ ।

स्थानीय बुद्धिजीवि एवं नागरिक समाजका अगुवा रामकुमार साहले भने, "यस किसिमको अपराधको विषयमा समाजका सबै पक्ष गम्भीर बनेर समस्या समाधानमा एकजुट हुनुपर्छ । नभए यो समाजका लागि ठूलो चुनौतीको रूपमा खडा हुन सक्छ ।" सबै पक्षले यसलाई गम्भीर रूपमा लिई मनोसमाजिक परामर्श तथा मनोचिकित्सक सेवा सञ्चालन गर्नुपर्ने उनको भनाइ छ ।

मधेस प्रदेश मन्त्रिपरिषद् बैठकले गऱ्यो तीन निर्णय



जनकपुरधाम, ४ असोज । मधेश प्रदेश सरकारको बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको प्रशासनिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापनसँग सम्बन्धित तीनवटा निर्णय गरेको छ । सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले बैठकले स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील सेवा भएकाले मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको टुङ्गो नलागेसम्म स्वास्थ्य सेवामा आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई निरन्तरता दिन स्वास्थ्य मन्त्रालयको प्रस्तावबमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको बताए ।

त्यस्तै, प्रदेश सरकार (मुख्यमन्त्री तथा मन्त्रीहरू) र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको निजी तथा स्वकीय सचिवालयको विद्यमान संगठनात्मक संरचना र कर्मचारी संख्या पुनरावलोकन तथा अनुसूची-२ परिमार्जनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय भएको छ । उक्त प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरिएको छ ।

यसबाट सचिवालयको जनशक्ति व्यवस्थापनलाई कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थित गर्दै सार्वजनिक स्रोतको मितव्ययी तथा प्रभावकारी उपयोग गर्ने सरकारको उद्देश्य रहेको छ । यसैगरी, स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासलगायत सेवा, सर्त तथा सुविधासम्बन्धी विषयलाई थप स्पष्ट, व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ को संशोधनको विधेयक मस्यौदा प्रदेश सभाको आगामी अधिवेशनमा पेश गर्ने निर्णय गरेको छ ।

स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको स्थायित्व, वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारी व्यवस्थापनमा देखिएका कानुनी र व्यावहारिक जटिलताको समाधानका लागि विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन गरी आवश्यक सुधार गर्न प्रदेश सरकारले यो निर्णय लिएको छ ।

पोखरीमा डुबेर किशोर बेपत्ता

जनार्जन खत्री

सर्लाही, ४ असोज । सर्लाहीको उत्तरी भेगस्थित लालबन्दी नगरपालिका-१२, जियाजोरमा आइतबार अपराह्न पोखरीमा डुबेर एक किशोर बेपत्ता भएका छन् ।

जियाजोरका किसानले आफ्नो निजी जग्गामा केही समय अघिदेखि नै खनेर छाडेको खाल्डो (पोखरी) मा डुबेर लालबन्दी नगरपालिका-११, हीरापुर बस्ने देवेन्द्र ठाकुरका छोरा १५ वर्षीय राजु ठाकुर बेपत्ता भएका हुन् । अत्यधिक गर्मी भएपछि अपराह्न ४ बजेतिर ठाकुर साथीहरुसँगै मिलेर लखन्देहीखोला पारी जियाजोरमा रहेको पोखरीमा पौडी खेल्न पुगेका थिए ।

पौडी खेल्दा अन्य तीन/चार किशोर सकुशल बाहिर निस्कन सफल भएका तर राजु भने पानीमा डुबेका स्थानीयको भनाइ छ । पोखरीमा डुबेर बेपत्ता राजुको खोताखोर टोलीसहित खोजी सुरु गरिएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवं प्रहरी निरीक्षक श्याम थापा मगरले जानकारी दिनुभयो ।

मधेशको अबको बाटो एकता र समृद्धि हुनुपर्छः सांसद सिंह

जनकपुरधाम, ४ असोज । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमरेशकुमार सिंहले मधेशको अबको बाटो एकता, शान्ति र समृद्धिको हुनुपर्ने बताउनुभएको छ ।

आइतबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उहाँले केही बाह्य तथा आन्तरिक शक्तिले मधेश र कोशी प्रदेशलाई 'ब्याटल ग्राउन्ड' बनाउन खोजेको दाबी गर्दै त्यस्तो अवस्था आउन नदिन सबै पक्ष एकजुट हुनुपर्ने बताउनुभयो ।

डा. सिंहले वर्तमान सरकारमा रहेको दल रास्वपा सरकारमा पुग्ने आधारमा मधेशको महत्वपूर्ण भूमिका रहेको दाबी गर्दै भन्नुभयो, "मधेशबाट प्राप्त ३१ सिट र ठूलो मतका कारण रास्वपा बलियो बनेको हो । मधेशले त्यसअनुसार सम्मान, अधिकार र विकासमा प्राथमिकता पाउनुपर्छ ।" "वर्तमान सरकारमा रहेको दललाई मधेशले ८५ प्रतिशत मत दिएको छ भने विकास पनि त्यसै आधारमा हुनुपर्छ," उहाँले भन्नुभयो ।

उहाँले मधेशका जनताको प्रमुख आवश्यकता शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, सरसफाइ तथा शान्ति सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

मधेशमा पोखरी, मन्दिर र मस्जिदको सौन्दर्यीकरणका कुरा भए पनि विद्यालय र अस्पतालको सुधार तथा सौन्दर्यीकरणलाई पर्याप्त



प्राथमिकता नदिइएको उहाँले बताउनुभयो । "मधेशले पाउनुपर्ने अधिकार पाएको छैन । जनताका इच्छा र आकांक्षा धेरै छन्," उहाँले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य डा॰ सिंहले मधेशलाई झापादेखि कञ्चनपुरसम्मको भूगोलका रूपमा बुझ्नुपर्ने धारणा राख्नुभयो । मधेशलाई आगामी दिनमा कुनै पनि प्रकारको द्वन्द्वको केन्द्र बनाउन नहुनेमा उहाँले जोड दिनुभयो । उहाँले आगामी छठ पर्वबाट मेचीदेखि महाकालीसम्म पदयात्रा गर्ने अठोटसमेत व्यक्त गर्नुभयो । सो क्रममा युवा, जनता, सीमा तथा दुई देशबीचको सम्बन्धलगायत विषयमा जनताका कुरा सुन्ने बताउनुभयो । सिंहले भन्नुभयो, "अब जनताको सुन्छु, कम बोल्छु, बढी सुन्ने काम गर्छु ।"

मधेशमा विकास निर्माणका काम अझै अपूरो रहेको उल्लेख गर्दै उहाँले हुलाकी राजमार्ग निर्माणसमेत पूर्ण रूपमा सम्पन्न नभएको बताउनुभयो । मधेशको विकास र समृद्धिका लागि दीर्घकालीन योजनासहित अघि बढ्नुपर्ने उहाँको भनाइ थियो । उहाँले मधेशमा '१० प्रतिशत कमिसन'को चर्चाले प्रदेश बदनाम भएको बताउँदै मधेश आन्दोलनको मूल उद्देश्यमा कमिसनको कुनै स्थान नरहेको बताउनुभयो ।

मधेशको विकासका लागि स्वास्थ्य, शिक्षा, सिँचाइ, शान्ति, सामाजिक चेतना र समृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै डा॰ सिंहले जनताको आवश्यकता र आकांक्षालाई केन्द्रमा राखेर विकासको बाटो तय गर्नुपर्ने धारणा राख्नुभयो । मधेशलाई कुनै पनि बहानामा द्वन्द्वको मैदान बनाउन नहुनेमा उहाँले जोड दिनुभयो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)